आज मिति २०७९/०३/२२ गते बुधबारका दिन मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा उप- प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधान, २०७२ को धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री बिहारी महतो कोईरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सबिन बिक्रम थापा | वडा अध्यक्ष, वडा नं. १० | |
| १३ | श्री बेद बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १६ | श्री कोशिला देवी महरा | कार्यपालिका सदस्य | |
| १७ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १८ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| १९ | श्री भिना पजियार | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डंगोल | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री दिपेश कुमार काफ्ले | सहायक कर्मचारी | |

## मिथिला नगरपालिका, नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

## मिति २०७९/०३/२२

**बैठकका प्रस्तावहरुः**

प्रस्ताव नं. १) आ.व. २०७९/०८० को अनुमानित बजेट तथा आर्थिक विधेयक र विनियोजन विधेयक नगरसभामा पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २) यस ना पा कार्यालयको विभिन्न समुदायलाई फर्निचर्स तथा फिक्स्चर्श शिर्षकबाट भुक्तानी भएको रकम अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३) विभिन्न विधेयक तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४) रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५) नगरसभामा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ६) नगरसभा समापन कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ७) क्रशर तथा बालुवा प्रशोधन उध्योग अनुगमन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८) मिथिला नगरपालिकाको निशान छाप तथा झण्डा बनाउने सम्बन्धमा ।

प्रस्ताव नं. ९) ट्रमा सेन्टर स्थापनाको लागि बजेट माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०) १५ शैय्या आधारभुत अस्पताल स्थापनाको लागि बजेट माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११) पुरानो बि.पि. राजमार्ग RTO (NH24) लालगढ-तुलसी-रानीबास, विश्वम्भर-बाहुनमारा सडक सम्बन्धमा ।

प्रस्ताव नं.१२) जग्गा मूल्यांकन सम्बन्धमा ।

**बैठकका निर्णयहरुः**

निर्णय नं. १) प्रस्ताव नं. १) उपर छलफल गर्दा, आगामि आ.व. २०७९/०८० को लागि अनुमानित बजेट तथा आर्थिक विधेयक, २०७९/०८० र विनियोजन विधेयक, २०७९/०८० अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं. २) उपर छलफल गर्दा, यस ना पा कार्यालयको विभिन्न पूँजीगत कार्यहरुको रकम सम्झौता/भुक्तानी विभिन्न समुदायलाई फर्निचर्स तथा फिक्स्चर्श शिर्षकबाट भएको हुँदा सो भुक्तानी अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं. ३) उपर छलफल गर्दा, नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम यस न.पा.को क्षेत्राधिकार भित्र पर्ने

विषय/कार्यहरुलाई व्यवस्थित गर्न देहाय बमोजिमका ऐन तथा कार्यविधिहरु पारित हुनका लागि नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

- मिथिला नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७९
- मिथिला नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७९
- विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९
- मिथिला नगरपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७९
- खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९
- ढुंगा, गिट्टी, वालुवा, ग्राभेल आदिको निकासिमा अमानतबाट राजश्व संकलन गर्ने कार्ययोजना, २०७९

निर्णय नं. ४) प्रस्ताव नं. ४) उपर छलफल गर्दा, यस न.पा. कार्यालयको पारिश्रमिक (कर्मचारी र पदाधिकारी) शिर्षकमा बाँकी रहेको रकम मध्येबाट २५% रकम नगर मर्मत सम्भार कोषमा रकमान्तर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं. ५) उपर छलफल गर्दा, यस नगरपालिकाको नगरसभा संचालन गर्ने कार्यमा प्रत्यक्ष रुपमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं. ६) उपर छलफल गर्दा, यस मिथिला नगरपालिकाको दशौं नगरसभाको समापन कार्यक्रम देहायको मिति, स्थान र समयमा संचालन गर्ने निर्णय पारित गरियो।
मितिः २०७९/०३/२४ गते शुक्रबार
स्थानः रोयल सम्राट होटल, ढल्केवर
समयः दिनको २.०० बजे ।

निर्णय नं. ७) प्रस्ताव नं. ७) उपर छलफल गर्दा, मिथिला नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका क्रशर तथा वालुवा प्रशोधन उध्योगहरुको अनुगमन गर्ने देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय पारित गरियो ।

| | | |
|---|---|---|
| १. नगर प्रमुख | - | संयोजक |
| २. नगर उप-प्रमुख | - | सदस्य |
| ३. सम्बन्धित वडाको वडा अध्यक्ष | - | सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |

प्रमुख प्रशासकीय अधिकृत

५. प्राविधिक शाखा प्रमुख - सदस्य

६. राजश्व उपशाखा प्रमुख - सदस्य-सचिव

निर्णय नं. ८) प्रस्ताव नं. ८) उपर छलफल गर्दा, मिथिला नगरपालिकाको झण्डा तथा निशान छाप बनाउन आवश्यक प्रकृया उठान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९) प्रस्ताव नं. ९) उपर छलफल गर्दा, मिथिला न.पा., ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्नका लागि विगतका वर्ष देखि संघीय सरकारले कार्यक्रम समावेश गरेकोमा यस आ.व.मा पनि उक्त कार्यक्रमको निरन्तरताको लागि संघिय सरकार समक्ष अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१०) उपर छलफल गर्दा, मिथिला न.पा.मा ढल्केवर स्वास्थ्य चौकी स्तर उन्नतीका लागि विगत २ वर्ष देखि संघीय सरकारबाट बजेट विनियोजन भएकोमा यस आ.व.मा पनि उक्त कार्यक्रमको निरन्तरताको लागि संघिय सरकार समक्ष अनुरोध गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं.११) प्रस्ताव नं.१०) उपर छलफल गर्दा, पुरानो बि.पि. राजमार्ग RTO (NH24) लालगढ-तुलसी-रानीबास, विश्वम्भर-बाहुनमारा सडकको केहि खण्डहरु यस अघि नै निर्माण भएकोमा आ.व. २०७८/०७९ संघिय सरकार मार्फत बजेट प्राप्त हुन नसकेकोले आ.व. २०७९/०८० मा बजेट सुनिश्चितताको लागि संघिय सरकार समक्ष पहल गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२) उपर छलफल गर्दा, मिथिला न.पा. क्षेत्र भित्रका जग्गाहरुको मूल्यांकन अध्यावधिक गर्नका लागि सम्बन्धित वडा समितिको निर्णयबाट जग्गाहरुको नयाँ मूल्यांकन दर निर्धारण गरि यस न.पा. कार्यालयमा पेश गराउन अनुरोध गर्ने निर्णय पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत